मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरबाट सात फरार प्रतिवादी पक्राउ

हेटौंडा, २२ पुस/मकवानपुर प्रहरीले आइतबार विभिन्न मुद्दामा फरार सात जनालाई पक्राउ गरेको छ । प्रहरीले लागूऔषध, बैंकिङ कसुर, अपराधि विश्वासघात तथा अपराधिक लाभसम्बन्धी, ज्यानसम्बन्धी कसुरलगायतको मुद्दामा फरार रहेका सातजनालाई पक्राउ गरेको मकवानपुरका प्रहरी नायवउपरीक्षक श्याम् अर्यालले जानकारी दिए । उनका अनुसार, लागूऔषध गाँजा र चरेश मुद्दामा फरार मनहरी गाउँपालिका-८ बस्ने वर्ष ४४ को हरिबहादुर नेपाली, वर्ष ४५ की मीरा गिरी र राक्सिराङ गाउँपालिका-५ बस्ने वर्ष ३८ को रामबहादुर प्रजालाई पक्राउ गरेको हो । जिल्ला अदालत मकवानपुरले विभिन्न मितिमा क्रमशः नेपालीलाई ४ महिना १७ दिन, गिरीलाई ५ महिना र प्रजालाई एक लाख रुपैयाँ जरिवानासहित ६ महिना कैद सजाय तोकेको थियो ।

क्रमशः पृष्ठ-३.....

# कृषि थोकबजारमा मन्त्रालय बसेपछि उपमहानगरको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ हेटौंडा-११ थानाभञ्याङस्थित राप्ती पुलनजिकै निर्माण गरिएको प्रादेशिक कृषि थोकबजारको प्रशासनिक भवनमा बागमती प्रदेश सरकारको सहकारी तथा गरिबी निवारण मन्त्रालय बसेपछि उपमहानगर पालिका असन्तुष्ट बनेको छ ।



भवन निर्माण सम्पन्न भएर हस्तान्तरणको चरणमा रहेको बेला उपमहानगरले मन्त्रालय बसेको सम्बन्धमा ध्यानाकर्षण भएको जनाएको छ । हेटौंडा उपमहानगरको गत आर्थिक वर्ष २०८०/८१ को र चालू आव २०८१/८२ को समीक्षा कार्यक्रममा तरकारी बेच्न बनाइएको भवनमा 'जर्वजस्ती' मन्त्रालय गएर बसेको विषयमा ध्यानाकर्षण भएको निर्णय गरेको हो । मन्त्रालय बसेको सम्बन्धमा छलफल गर्न नगरप्रमुख मीनाकुमारी लामाले कृषिमन्त्री प्रकाश श्रेष्ठसँग सोमबार भेट गरेकी थिइन् ।

सहमतिबिना नै कृषिजन्य वस्तुको बिक्रीवितरण प्रयोजनका लागि निर्माण गरिएको संरचनामा एक्कासी मन्त्रालय राख्नु राम्रो काम नभएको नगरप्रमुख लामाले बताइन् । 'सबैक्षेत्रबाट पेलिँदै आएका कृषक यहाँ पनि पेलिएका छन्,' उनले भनिन् । उपमहानगरका प्रवक्ता सविन न्यौपानेले किसानको उत्पादन बिक्रीवितरण गर्ने ठाउँमा मन्त्रालय बस्ने कुरा स्वीकार्य हुन नसक्ने बताए ।

'किसानको भलोको लागि राज्यले करोडौं खर्चिएर बनाएको भवन हो । त्यहाँबाट किसानको उत्पादन बिक्रीवितरण मात्रै हुन्छ । मन्त्रालय यहाँबाट हट्नुपर्छ' प्रवक्ता न्यौपानेले भने । मन्त्रालय राख्ने भन्ने विषयमा मुख्यमन्त्री कार्यालयले अर्को व्यवस्थापन गर्न पनि उनले आग्रह गरे ।

अनुमति नलिई जर्वजस्ती मन्त्रालय बस्ने कुरा प्रदेश सरकारको हकमा सुहाउँदो नभएको उनको भनाई छ । प्रवक्ता न्यौपानेले उपमहानगरले नै प्रदेश सरकारको मन्त्रालय बनाउन जग्गा दिएकाले त्यहाँ भवन बनाएर बस्न पनि सुझाए ।

किसानले उत्पादन गरेको कृषिजन्य बस्तुको एकीकृत बजारका लागि निर्माण गरिएको भवनमा बागमती प्रदेशको मन्त्रालय बसेको हो । गत २७ कात्तिकमा बसेको मन्त्रिपरिषद् बैठकले पर्यटन र सामाजिक विकास मन्त्रालय फुटाएर सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन गरेको थियो । विनाविभागीय मन्त्री मदुकुमार श्रेष्ठका लागि यो मन्त्रालय बनाइएको थियो । यसअघि मुख्यमन्त्री कार्यालय परिसरभित्रकै जिल्ला विकास समितिको पुरानो भवनमा सहकारी मन्त्रालय बस्ने तयारीमा थियो । त्यो भवनमा उद्योग, वाणिज्य तथा प्रशासन मन्त्रालय पहिल्यै थियो ।

कृषि मन्त्रालयका सचिव विनोद भट्टराईले सहकारी मन्त्रालयलाई कृषि थोकबजारको भवन प्रयोग गर्न अनुमति नदिएको बताए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले थोकबजारमा सहकारी मन्त्रालय बस्ने भएकाले समन्वय गर्न कृषि तथा पशुपन्त्री विकास मन्त्रालयलाई पत्राचार गरेको थियो । कृषि मन्त्रालयले निर्देशनालयसँग राय माग गरेकोमा निर्देशनालयले कृषि थोकबजारको लागि निर्मित भवनमा मन्त्रालय राख्न नमिल्ने राय लेखेर पठाएको थियो । 'यहाँबाट अन्य प्रयोजनका लागि भवन प्रयोग गर्न नमिल्ने राय लेखेर कृषि मन्त्रालय पठाएका हौं' निर्देशनालयका वरिष्ठ कृषि प्रसार अधिकृत प्रमोदप्रसाद दाहालले भने ।

३० करोड ८७ लाख ६३ हजार रुपैयाँमा ठेक्का पाएको अनक/माउण्टेन जेभी काठमाडौंले थोकबजार निर्माण सकेर कृषि निर्देशनालयलाई हस्तान्तरण पनि गरेको छैन । निर्देशनालयले बजार सञ्चालन र व्यवस्थापनका लागि हेटौंडा उपमहानगरपालिकालाई भवन हस्तान्तरण गर्नुपर्नेछ । प्रादेशिक कृषि थोकबजार निर्माण सकिएर हस्तान्तरणको अन्तिम चरणमा रहेको निर्देशनालयका अधिकृत दाहालले बताए । थोकबजार सञ्चालन निर्देशिकाको मस्यौदा तयार भएर स्वीकृतिको चरणमा रहेको छ ।

प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकाबीच यसअघि नै थोकबजार निर्माणको सम्झौता भएर सञ्चालनको जिम्मा नगरले लिने सहमति भएको थियो । प्रदेश सरकारले ७०/३० को लगानी मोडलअनुसार दुई बिघा ४ धुर क्षेत्रफलमा तीनवर्ष लगाएर थोक बजार निर्माण गर्ने लक्ष्यसहित १४ भदौ २०७७ मा हेटौंडा उपमहानगर पालिकासँग सम्झौता गरेको हो । सम्झौताको एक वर्षपछि थोकबजार निर्माण थालिएको थियो । निर्माण कम्पनीलाई २६ करोड ५५ लाख ३५ हजार ९ सय ९६ रुपैयाँ गत असारमै भुक्तानी भएर थप रकम भुक्तानी हुँन बाँकी रहेको निर्देशनालयले जनाएको छ ।

सडक कालोपत्रे र अन्य सामान्य काम मात्रै गर्न बाँकी रहेको निर्देशनालयका सबइन्जिनियर मोदनाथ तिम्सिनाले जानकारी दिए । प्राविधिक मूल्यांकनमा सडक कालोपत्रे नभएकाले निर्देशनालयले सडक निर्माणका लागि काम गर्दैछ । थोकबजार निर्माणका लागि हेटौंडा उपमहानगरले तत्कालीन समयमा थानाभञ्याङस्थित राप्तीपुल नजिकैको जग्गामा रहेका ५८ वटा घर/टहरा हटाएको थियो ।

थोकबजारमा होलसेल मार्केट, रिटेल (खुद्रा) मार्केट, किसानको टहरा, प्रशासनिक तथा क्यान्टिन, कोल्ड स्टोरेज लगायतका संरचना हुने सबइन्जिनियर तिम्सिनाले बताए । बजारको होलसेल मार्केटमा ४० वटा सटर र रिटेल मार्केटमा २३ वटा सटर रहेको छ । भवनमा अण्डरग्राउण्ड पार्किङको पनि सुविधा छ । एउटै भवनमा दुई वटासम्म लिफ्ट रहेका छन् ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


मउवा संघ निर्वाचन:

## अध्यक्षका उम्मेद्वार अग्रवालको प्यानल घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ मकवानपुर उद्योग वाणिज्य संघ (मउवा संघ)को आसन्न निर्वाचनमा अध्यक्ष पदका उम्मेदवार अनिल अग्रवालले आफ्नो प्यानल घोषणा गरेका छन् ।

सोमबार साँझ व्यवसायीहरुको भेलामा वर्तमान वरिष्ठ उपाध्यक्षसमेत रहेका अग्रवालले आफ्नो उम्मेदवारी घोषणासँगै सिंगो प्यानल सार्वजनिक गरेका छन् । संघमा वाणिज्य, उद्योग र एसोसिएट तर्फका उम्मेदवार छन् । संघको यस वर्ष २ हजार ९७ जना मतदाता रहेका छन् । यो संख्या अघिल्लो निर्वाचन भन्दा करिब ८ सयले कम हो ।

अग्रवालले आफ्नो टिम घोषणा कार्यक्रममा चर्चित गायक बद्री पंगेनीले आफ्नो सांगीतिक प्रस्तुती दिएका थिए । कार्यक्रममा संघका पूर्वअध्यक्षद्धय राजकुमार न्यौपाने, भूवनलाल श्रेष्ठ, भगिरथी शर्मा, वडा नम्बर-२ का वडा अध्यक्ष विष्णुगोपाल महर्जनलगायत संघमा आवद्ध विभिन्न वस्तुगत संघका अध्यक्षहरुको आतिथ्यता रहेको थियो ।

**कुन पदमा कसको उम्मेदवारी ?**

मउवा संघको अध्यक्षमा अनिल अग्रवाल, महासचिवमा विकेशलाल श्रेष्ठ, कोषाध्यक्षमा तेजराज अधिकारी, सह-कोषाध्यक्षमा राधिका सामरी पाण्डे उम्मेद्वार रहने छन् । वाणिज्यतर्फको उपाध्यक्षमा राजु अधिकारी, सचिवमा दिवस पराजुली र सदस्यमा रविन ढकाल, विष्णुप्रसाद दाहाल, बालकृष्ण बजगाई, यज्ञ बहादुर राई र महिला आरक्षणमा निलम पाण्डे रहेका छन् ।

एसोसिएटतर्फ उपाध्यक्षमा विष्णु खनालको मात्रै उम्मदवारी रहेको छ । उद्योगतर्फ उपाध्यक्षमा रवीन्द्र प्रसाद घिमिरे, सदस्यमा कृष्णागोपाल महर्जन, दीपक शिवाकोटी, गंगाकुमारी श्रेष्ठ, महिला आरक्षणमा मेनका श्रेष्ठ उम्मेद्वार हुने तय भएको छ । वस्तुगततर्फ उपाध्यक्षमा काव्यमणि अधिकारी, सचिवमा नेत्रप्रसाद खतिवडा र सदस्यमा शम्भु पुडासैनी छन् । यस्तै, अध्यक्षका अर्का उम्मेद्वार प्रमोद सिंह रानाभाटले आइतबार प्यानल घोषणा गरेका छन् ।









साझाकुरा

## हाम्रो कुरा

# जनावर आतंकको त्राश

मकवानपुरको मनहरी गाउँपालिका-४ को विद्यालय जाँदै गरेको विद्यार्थी यतिबेला त्रसित बनेका छन् । गाउँबस्तीमा बाघ आतंक सुरु भएपछि विद्यालय जानै डरमर्दो भएको छ । सोमबार बाघले विद्यार्थीमाथि आक्रमण गरेको हल्ला फैलिएपछि वडाअध्यक्षसहितको टोली खोजीमा निस्केको थियो । दिनभरि नै मसिनेका अभिभावक तनावमा देखिए । दिनभरको दौडधुपपछि बाघले विद्यार्थी आक्रमण गरेको पुष्टी हुन सकेन । तर, विद्यालय छुटेर घर जाँदै गरेका विद्यार्थी बाघको आक्रमणमा परिएला कि भन्ने त्राशमा देखिन्थे । मुलुकको दुईवटा राष्ट्रिय निकुञ्जसँग सीमा जोडिएको छ । हेटौंडा उपमहानगरका दुईवटा वडा एक राष्ट्रिय निकुञ्जको सीमानामा रहेको छ । यसैकारण हेटौंडामा भन्दा मनहरीमा जंगली जनावरको जोखिम बढी छ । मनहरीको सबै वडा जंगली जनावरको जोखिममा रहेको छ । हरेक साल दुईतीन जनाले अनाहकमा जंगली जनावरको आक्रमणबाट ज्यान गुमाइरहेका छन् । यो प्रदेशको राजधानी भएको क्षेत्रको समस्या हो । नेपालका कतिपय दुरदराजका ग्रामीण क्षेत्रमा जंगली जनावरले दिनुसम्मको दु:ख र पीडा स्थानीयलाई दिएको छ । मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकामा घाँस काट्न गएकी महिलाको ज्यान लिने बाघलाई एकसाताअघि नियन्त्रणमा लिइएको थियो । चारवटा हात्ती र चितवन तथा पर्सा राष्ट्रिय निकुञ्चको टोलीले बाघलाई नियन्त्रणमा लिएको हो । मनहरी-५ बसन्तपुर गुम्बाटोलमा बाघको आक्रमणबाट ७२ वर्षीया कान्छीमाया रुम्बा मृत अवस्थामा एकसाताअघि घरनजिकैको बारीमा भेटिएकी थिइन् ।

बाघले बसन्तपुरका सूर्यबहादुर मोक्तानको खोरमा पसेर ७ वटा बाख्रा मारेको थियो । मनहरी-३ सालघारी नजिकैपनि केहीदिन अधिमात्र बाघले स्थानीयको बाख्रा खाएको थियो । यो घटनापछि स्थानीयबासी त्रसित बनेका छन् । मनहरीमा बाघ, गैंडा, हात्तीलगायतका वन्यजन्तुको आतंक विगतदेखि नै छ । ४ महिनाअघि मात्रै मनहरी-६ प्रतापुरमा भैंसीले बाघ मारेको थियो । गत ५ भदौमा मनहरी-६ प्रतापुरका बलबहादुर राईको गोठमा बाँधेको भैंसीलाई आक्रमण गर्ने क्रममा उल्टै भैंसीले प्रतिकार गर्दा बाघ मरेको प्रहरीको घटना मुचुल्का र चितवन राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीको रिपोर्टले दाबी गरेको थियो । चितवन राष्ट्रिय निकुञ्जको पूर्वीक्षेत्र मध्यवर्ती वनसँग मनहरी जोडिएकाले यहाँ हरेक वर्ष वन्यजन्तुको आक्रमणले जनधनको क्षति हुँदै आएको छ । स्थानीयले वन्यजन्तुको जोखिम न्युनीकरणका लागि तारबार लगाएर बस्ती क्षेत्रको संरक्षणको माग गर्दै आए पनि राज्यले ध्यान दिएको छैन । मनहरीको पश्चिम क्षेत्रमा पटक-पटक हात्तीले पनि क्षति गर्ने गरेको छ । मनहरी गाउँपालिकाको हेटौंडा उपमहानगरसँग सीमा जोडिएको पूर्वीक्षेत्र पर्सा राष्ट्रिय निकुञ्जसँग पनि जोडिएको छ । पर्सा निकुञ्जबाट आएका वन्यजन्तुले पनि मनहरी-१ देखि ४ नम्बर वडा र हेटौंडाको १२,१३,१४ नम्बर वडामा आंतक मच्याउँदै आएका छन् । १५ पुस सोमबार दिउँस २ बजेबाट बाघको खोजीका लागि निकुञ्ज शुरक्षार्थ मनहरी गाउँपालिका-३ लामिटार वेशबाट खटिएको नेपाली सेनाको ४ वटा हात्ती सहितको टोली, चितवन राष्ट्रिय निकुञ्जबाट खटिएको बाघ नियन्त्रण प्राविधिक टोली ४ जना र पर्सा राष्ट्रिय निकुञ्जको टोलीले बाघलाई नियन्त्रणमा लिन सफल भएको हो । घटना भएको क्षेत्रमै बाघ रहेको पाइएको छ । बाघलाई खोजी गर्ने क्रममा बुधबार साँझ ७ बजेको समयमा मनहरी-५ बसन्तपुर स्थित सुकौराखोलामा एम्बुस थापेर बन्दुकबाट लट्याउने सुई लगाई (डार्ट विधि)द्वारा नियन्त्रणमा लिएर बाघलाई पर्सा राष्ट्रिय निकुञ्ज लगिएको थियो ।

मध्यवर्ती क्षेत्रका बासिन्दा र जंगली जनावरबीचको लडाईं बढेपछि मकवानपुरका सांसद महेशकुमार बर्तौलाले यो समस्या समाधानको उपाय कानुनी बिधिबाट गर्ने काम भइरहेको बताएका छन् । जंगली जनावर संरक्षण गर्ने विषय अन्तर्राष्ट्रिय चासोको विषय हो । नेपालको तीने तहका सरकारले यो समस्या तत्काल समाधान गर्न सक्ने अवस्था छैन । बफरजोनका बासिन्दा र जंगली जनावरबीचको द्वन्द्व कम गर्ने बैज्ञानिक उपाय खोजी गर्ने बाहेक तत्काल समस्या समाधान गर्ने सम्भावना स्थानीयले देखेका छैनन् । जंगली जनावर गाउँ पसेको हल्ला चलेपछि स्थानीय विद्यालयमा पठनपाठन समेत प्रभावित हुने गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस २४ गते बुधबार ८ जनवरी २०२५ । नवमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ | **तुला** | : प्रयत्न सफल हुनेछ |
| **वृष** | : यात्रामा खर्च बढ्नेछ | **वृश्चिक** | : पढाइलेखाइमा प्रगति हुनेछ |
| **मिथुन** | : मौकाको फाइदा लिन सकिनेछ | **धनु** | : सेवामूलक कामबाट धनलाभ हुनेछ |
| **कर्कट** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ | **मकर** | : स्वास्थ्य कमजोर रहनेछ |
| **सिंह** | : मुद्दा-मामिलामा विजयी भइनेछ | **कुम्भ** | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ |
| **कन्या** | : लगनशीलताले उपलब्धि दिलाउनेछ | **मीन** | : सहयोगीका माध्यमबाट काम बन्नेछ |

# सहकारीप्रतिको गम्भीर चासो



✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

**जुन सिद्धान्त, ध्येय र मर्मले सहकारीको अवधारणा आयो, यो गरिब देशमा मान्छे धनी यसैले भए र प्राप्त लोकतन्त्र पनि बाँदरको हातको लड्डु साबित भएको छ । अधिकांशको मुखबाट सुनिन्छ- शिक्षा दलका मान्छेको हातमा छ, स्वास्थ्य दलको नियन्त्रणमा छ, लघुवित्त र सहकारी पनि दलका मान्छे नमिसिएको कुनै पनि छैन । जुन अवधारणाले सहकारी आयो, त्यो अहिले सबैतिर दाँतमा ढुंगा लागेसरह भएको छ ।**

सरकारले सहकारी बोर्डको अन्त्य गरी सहकारी प्राधीकरणको अवधारणाका साथ अध्यादेश ल्याएको छ। अध्यादेशअनुसार अब विकास बोर्ड हट्ने र त्यसको सबै दायित्व प्राधिकरणमा सर्ने जनाएको छ। अब व्यक्तिगत बचत र ऋणको सीमा तोकिएको छ, अधिकतम सीमा ५० लाख छ । सहकारी सदस्यले अब ५० लाख बढीको कारोबार गर्न नपाउने भएका छन्। एक प्रदेशभन्दा बढी कारोबार कार्यक्षेत्र हुनेका लागि बचत वा ऋण कारोबार ५० लाखको सीमा, एक जिल्लाभन्दा बढी कार्यक्षेत्र हुनेका लागि २५ लाख, बढीमा १० लाख र १० लाख नाघेपछि स्रोत खुलाउनुपर्ने प्रावधान रहेको छ ।

तर पछिल्लो समय सहकारीको केस गम्भीर चुनौतीको विषय बनेको छ । देशमा गम्भीर चुनौती अरु पनि धेरै छन्, अहिले क्याबिनेट मन्त्रीहरुसमेत नियन्त्रणमा छन्, चिसो सिँढीमा छन्, कोही बेनामी भएर फरार छन्, संसद्‌ले लामो समय यसैमा काम पाएको छ, कतिपय साह्रै ठूला भनिएका दलका कृपापात्रहरु पनि बन्दी जीवन बिताइरहेका छन्, यहाँसम्म कि भ्रष्टाचार विरोधी अभियन्तासमेत एक हप्ता प्रहरी नियन्त्रणमा रही बचत फिर्ता गर्ने सहमतिमा छुटेका खबर सनसनीरुपमा बाहिर आएको छ । वास्तवमा जे जुन सिद्धान्त, ध्येय र मर्मले सहकारीको अवधारणा आयो, यो गरिब देशमा मान्छे धनी यसैले भए र प्राप्त लोकतन्त्र पनि बाँदरको हातको लड्डु साबित भएको छ । अधिकांशको मुखबाट सुनिन्छ- शिक्षा दलका मान्छेको हातमा छ, स्वास्थ्य दलको नियन्त्रणमा छ, लघुवित्त र सहकारी पनि दलका मान्छे नमिसिएको कुनै पनि छैन । जुन अवधारणाले सहकारी आयो, त्यो अहिले सबैतिर दाँतमा ढुंगा लागेसरह भएको छ ।

हिजोआज सहकारी वा लघुवित्त संस्था भनेपछि सबैलाई एलर्जी हुन थालेको छ । हाम्रो जस्तो विकासोन्मुख र भौगोलिक विकटताको देशलाई सहकारीको आवश्यकता रहेको हो । पूर्वीय धर्म दर्शनमा साझा अवधारणा संसारको सृष्टिदेखि नै शुरु भएको हो । सन् १८४४ मा विश्वमा पहिलो स्थापित रोचडेल समतामूलक अग्रणी संस्थाले आधुनिक सहकारीको अवधारणाको बीजरोपण गरेको हो । यसले सन् १८४५ मा व्यवसायको समीक्षासहित ५ वटा नीतिगत निर्णय लियो, जसलाई सहकारीको ५ सिद्धान्त भनियो भने कार्यान्वयन गर्दै जाँदा फरक अभ्यास पनि हुँदै आयो । सन् १८९५ मा सहकारी महासंघको स्थापना, सन् १९३७ मा सहकारीको रोचडेली सिद्धान्त ७ बुँदे पारित गर्दै सन् १९६६ मा ६ सिद्धान्त प्रतिपादन र सन् १९९५ मा पुग्दा सहकारीका ७ सिद्धान्त अर्थात् खुला र स्वैच्छिक सदस्यता, प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरुका बीच आर्थिक सहायता र सहभागिता, स्वायत्तता र स्वतन्त्रता, निरन्तर शिक्षा, तालिम र सूचना, सहकारीबीच सहकार्य र समुदायप्रतिको चासो मुख्य छन् ।

यस्तै अवधारणामा स्थापित सहकारी संस्थाहरु हामीकहाँ पनि ३० हजारभन्दा बढी सञ्चालनमै छन्, दर्ता संख्या त अधिक छन् । सहकारीमार्फत देशको विकास हाम्रो अभियान हो, तर सहकारी कसैका लागि कमाउने भाँडो भयो भने धेरैका लागि गुमाउने माध्यम पनि । बैंकभन्दा आकर्षक ब्याज दिन्छु भनी सञ्चालन गर्ने सहकारी सञ्चालकहरुले निक्षेपकर्ताहरुलाई हैरानी पारे, नियमन गर्ने निकाय सक्रिय बन्न सकेन, धेरै सहकारी सञ्चालकहरुले दलको झोला बोके र भनिन्छ, दलको भोट बैंककै रुपमा देखिए यी । निक्षेपबाट तारे होटलमा बैठक, सेमिनार मात्रै हुने, चिल्ला गाडी र विदेश सयर हुने गरियो । सहकारीको मूल ध्येय, मूल कारोबार आफ्ना सदस्यहरुका बीच हुनुपर्नेमा एकै व्यक्तिले समेत धेरै संस्थाहरु चलाएको देखिँदा इमानदारिताको अभाव खड्कियो । सहकारी ऐनमा रु. ५० करोड बढी लगानीका ठूला सहकारीहरुलाई राष्ट्र बैंकले नियमन गर्नुपर्ने प्रावधान छ ।

सहकारीहरुले राजनीतिक आस्थाकै आधारमा राज्यबाट अनुदानसमेत पाए । सहकारी व्यवस्थापनलाई ३ तहमा विभाजन गरियो- संघ, प्रदेश र स्थानीय । तर अधिकांश भनौं ९० प्रतिशत बढी सहकारी संस्थाहरु स्थानीय तहबाटै सञ्चालित छन्, जहाँ दक्ष जनशक्तिको कमी छ र धेरै सहकारीहरुको राजनीतिक स्वार्थ बाझेको देखिन्छ भने नियमन, अनुगमन फितलो छ । कतिपय सहकारी त जनताकै प्रतिनिधि भन्छन् आफूलाई, नेता पनि । तिनले गर्ने लगानी पनि अधिकांशत: घरजग्गा, हायर पर्चेज भनौं अनुत्पादक क्षेत्रमा गरेको पाइन्छ भने नियमन गर्ने मुख्य निकाय सहकारी विभागले लगानीको घटीमा ५१ प्रतिशत उत्पादन क्षेत्रमा लगानी गर्नुपर्ने भन्छ तर अधिकांश लगानी अनुत्पादक क्षेत्रमा हुँदा पनि विभागले कारबाही गर्न सकेन । राजनीतिक निकायहरुमा सहकारीको हस्तान्तरण पछि सहकारीको यो विषय झन् जटिल बन्यो । सहकारीहरुले ९५ प्रतिशत लगानी अनुत्पादक क्षेत्रमा गर्ने गरेका, त्यसमा पनि आफन्तकै नाममा रकम लगानी गर्ने गरेको पाइएको छ । उपभोक्ताहरु भन्छन्, सहकारी बचतमा जोखिम बढेको छ । केही वर्षयतादेखि संघअन्तर्गतको सहकारी विभागले नयाँ दर्ता त गरेको देखिन्न तर नियमन पनि गरेको छैन । धेरै सहकारी संस्थाहरु समस्याग्रस्त छन्, भाका नाघेका ऋण धेरै छन्, नागरिकको पैसा सहकारीका नाममा डुबेको छ, फिर्ता मागको चाप बढी छ ।

हाल देशमा कुल गार्हस्थ्य उत्पादनमा सहकारीको योगदान केवल ३ प्रतिशत छ । २५ वर्षभित्र यसको योगदान १५ प्रतिशतमा पुऱ्याउने लक्ष्यसहित सरकारले सहकारी विकासको दीर्घकालीन रणनीति तयार गरेको थियो । क्षेत्रगतरुपमा भन्नुपर्दा कृषि सहकारीको ५.९२ प्रतिशत, गैर कृषि सहकारीको हिस्सा ५.४१ प्रतिशत, सेवा सहकारीको ३.२२, बचत ऋण सहकारीको ०.४५ प्रतिशतको योगदान हुने लक्ष्य लिइएको थियो । यो आँकडा आर्थिक वृद्धि दर १०.५ प्रतिशतको अपेक्षाअनुसारको हो, करिब ६ वर्षअघिको । सहकारी सदस्यको पहुँचका विषयमा भन्नुपर्दा १५ वर्षमाथिका आर्थिक रुपले सक्रिय जनसंख्या करिब ३१ प्रतिशत रहेको सन्दर्भमा २५ वर्षमा यसलाई ७५ प्रतिशतमा लग्ने लक्ष्य थियो । विद्यमान सहकारी संस्था संख्या भने दुई तिहाइले कटौती गर्दै १५ हजारमा सीमित गर्ने रहेको थियो । १५ औं योजनाले देशको स्थिर मूल्यमा थप २० वर्षमा आर्थिक वृद्धि १०.५ रहने लक्ष्य लिएको थियो । यो मान्यता अनुरुप सहकारी क्षेत्रले ५, १०, १५, २० र २५ वर्षमा प्राप्त गर्ने उपलब्धि र त्यसबाट देशको अर्थतन्त्रका विभिन्न क्षेत्रमा हुने योगदानलाई वस्तुपरकरुपमा प्रक्षेपण गर्ने प्रयत्न भएको रणनीतिमा उल्लेख रह्यो । देशमा रहेका ३ तहका सरकारबीचको समन्वय, निजी तथा सहकारीबीचको साझेदारी, रणनीतिसहितको वार्षिक कार्ययोजना भने आएन यसमा, हाल शुरुमै यो रोइलो छ ।

शेयर पूँजीको परिमाणात्मक सूचक भने सन् २०२५ अर्थात् ५ वर्षमा करिब रु. ३ खर्ब, १० वर्षमा ४.२० खर्ब, १५ वर्षमा ६.८० खर्ब, १५ वर्षमा १०.९५ खर्ब र २५ वर्षमा १७.७० खर्ब पुग्ने विश्वास लिइयो । सहकारी बचत भने साबिक भएको रु. ३.४५ खर्बबाट ५ वर्षमा १०.४० खर्ब, १० वर्षमा १६.७४ खर्ब, १५ वर्षमा २४.४८ खर्ब, २० वर्षमा ३९.४३ खर्ब र २५ वर्षमा ६३.४३ खर्ब हुने प्रक्षेपण गरियो । सहकारीको ऋण लगानी ३.३२ खर्बबाट ५ वर्षमा ६.५३ खर्ब, १० वर्षमा ११.४० खर्ब, १५ वर्षमा १९.४३ खर्ब, २० वर्षमा ३२.६५ खर्ब र २५ वर्षमा ५४.४४ खर्बको प्रक्षेपण गरियो । सहकारी सदस्य संख्या भने देशका ९० प्रतिशत घरधुरी यसमा संलग्न हुँदा २५ वर्षमा कुल १ करोड ९० लाख व्यक्तिहरु कुनै न कुनै रुपमा सहकारीमा आबद्ध हुने प्रक्षेपण भयो।

०७६ को फागुनसम्म सहकारीको संख्या ३४ हजार ७ सय ३७, शेयर सदस्य संख्या ६५ लाख १५ हजार ४ सय ६०, शेयर पूँजी रु. ७७ अर्ब २४ करोड थियो भने यसमा ६८ हजार ४ सयको संख्यामा प्रत्यक्ष रोजगारी सिर्जना भएको आर्थिक सर्वेक्षण ०७७ ले देखाएको थियो । कृषिक्षेत्रमा सहकारीको भूमिका बढी हुन्छ। मुलुकको गरिबी न्यूनीकरण अभियान यसैबाट पूरा हुनुपर्ने हो। सरकार पुग्न नसकेको वा निजी क्षेत्र एक्लैको पहुँच कम भएका क्षेत्रमा सहकारीको उपस्थिति बेजोड हुन्छ। खासगरी उत्पादनमूलक क्षेत्रमा लगानी नबढाएसम्म मुलुकको गरिबी भने घट्दैन । बजारीकरण र सेवा क्षेत्रको भूमिका अझ गहन हुन्छ । विश्वबजारमा सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँग जोडी उत्पादन, वितरण, बजारीकरणको काम सँगै जोड्ने गरिएको हो । छरिएर रहेको श्रम, सीप पूँजी र प्रविधिलाई नेपाली बजार अनि रोजगारी अभियानसँगै जोड्ने अवधारणासँगै आएको हो सहकारी। सहकार्य अर्थात् सबैको, धेरैको, सामूहिक संलग्नताको प्रयासले कठिन र असम्भव कार्य पनि सहज हुन्छ । राष्ट्रिय अर्थतन्त्र मजबुत हुन नसकेको, आर्थिक वृद्धिदर धेरै तल रहेको, आयात प्रतिस्थापनमा मुलुकको खासै भूमिका नभएको सदर्भमा साझा सहकारीबाट हुने आर्थिक क्रियाकलापले निश्चय पनि मुलुकलाई ठूलो टेवा दिन सक्ने हो ।

मुलुकमा हाल कैयन विषयगत सहकारी संस्थाहरु छन् । २० भन्दा बढी त विषयगत केन्द्रीय संस्थाहरु नै छन् । राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी संघ लि. क्रियाशील छ । मुलुकभरि सहकारीमा आबद्ध सदस्यहरु बढ्दै थिए । महिलाको सहभागिता धेरै छ । महिलाहरुबाट मात्र सञ्चालित सहकारीको संख्या ५ हजार बढी थियो । यस क्षेत्रले ८० हजारभन्दा बढीलाई प्रत्यक्ष रोजगारी र १५ लाखभन्दा बढीलाई अप्रत्यक्ष रोजगारी दिइरहेको अवस्था हो । सामाजिक सशक्तीकरणमा यसले राम्रो भूमिका निर्वाह हुनुपर्ने हो । स्थानीय तह अधिक स्रोतसाधनयुक्त गरिएको अहिलेको सन्दर्भमा सहकारीको नियमित रेखदेख गर्ने अभिभारा पनि स्थानीय तहलाई नै रहेको हो । उपलब्ध सीप, पूँजी, श्रम र स्रोतलाई सामूहिक परिचालनको अभिभारा स्थानीय तहलाई हुनु स्वाभाविक पनि थियो । उत्पादन क्षेत्रको वृद्धि, समान वितरणको सोच, गुणस्तरीय बजारको मुद्दा पनि आजको जल्दोबल्दो विषय हो । सहकारीको सिद्धान्त र मूल्यको प्रवर्द्धन गर्दै सहकारी व्यवस्थापनका पक्ष, विधि र प्रक्रिया सुधार गर्दै, सुशासनको अभिप्राय र मुलुकको सामाजिक रुपान्तरण अभियान सबैको ध्येय हुनुपर्ने थियो । तर बजारमा सहकारीप्रतिको नैराश्यता बढेको छ, सहकारी सञ्चालकहरु नै लुकेर हिँड्नुपर्ने अवस्था छ, ऋण तिर्न नसकेको, ब्याजले नै ढाड सेकेकोजस्ता विषयहरुले आम जनमानस आन्दोलित छ ।

सहकारीमा वित्तीय अनुशासन भएन, उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढेन, विपन्न वर्गलाई समेट्ने काम पनि भएन । बचत र महँगो कारोबार गर्ने सहकारी संस्थाहरुको नियमन कार्यमा जनशक्ति भएन, लगानी उठेन, निक्षेप, बचतको भुक्तानी गरिएन, संस्थाको साइन बोर्ड नै भेटिएन, मोबाइल अफ गरियो । टोलटोलपिच्छे घरघरैमा सहकारीहरु खुले तर सहानुभूति पाएनन् पछिल्लो समय । सामुदायिक भावना राम्रो भए पनि संलग्न व्यक्तिहरुमा नैतिकता र इमानदारिता रहेन। संस्थाहरुको संख्या वृद्धिका साथ गुणस्तरीय काम भएन, गुणात्मक क्षमता र नियमन भएन । सकारीहरुको व्यवस्थापनमा क्षमता वृद्धि, तालिमको पूर्ण व्यवस्था, सहकारी सबैलाई कृषि, पर्यटन, ऊर्जा, उद्योगजस्ता क्षेत्रमा भनौं उत्पादनशील क्षेत्रमा परिचालन गर्ने अभिभारा तिनले पूरा गरेनन् । लक्षित समूहको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धिमा सजग हुन सकिएन । कारोबारका आधारमा वर्गीकरण गर्ने रणनीतिक योजना आएन । बचतको सुरक्षा र बिमा कार्यक्रमप्रति पनि खासै ध्यान गएन । युवाहरु स्वदेशमा टिकाउन सकिएन । सरकार सधैँ सत्ताको लागि व्यस्त रह्यो, अन्यत्र उसको ध्यान कतै गएन । फलत: आज गम्भीर परिणाम देखा परेको छ देशमा ।

*(साभार: न्यूज अफ नेपाल)*

# माओवादी केन्द्रको वर्तमान अवस्था र अबको मार्ग

✍ अर्जुन पन्त

दशवर्षे माओवादी जनयुद्धकै जगमा आज हामी संघीय लोकतान्त्रिक गणतन्त्र उपभोग गरिरहेका छौं । आज जसरी मुलुकले सहभागिता, समावेशी र सामाजिक न्यायको अभ्यास गरिरहेको छ, त्यसमा माओवादी आन्दोलनको भूमिका प्रधान रहेको कसैले नकार्न सक्दैन । शान्ति प्रक्रियामा आएसँगै माओवादी पार्टीले आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षाका खातिर निरन्तर संघर्ष गरिरहनुपरेको छ । पहिलो संविधानसभामा पार्टीले जस्तो जनमत प्राप्त गऱ्यो, त्यसले परिवर्तनका थुप्रै एजेन्डालाई संस्थागत गर्न प्रधान भूमिका खेलेको थियो । पहिलो संविधानबाट संविधान बन्न सकेन, त्यस यताका निर्वाचनमा पार्टी निरन्तर खस्कँदै गएको छ । वैचारिक विमति राख्दै पार्टीबाट केही व्यक्ति र समूह टुक्रिएर समेत गए ।

प्राप्त उपलब्धिको रक्षाकै नाममा विभिन्न पार्टीसँग चुनावी र सत्ता गठबन्धनदेखि एकताका प्रयास समेत गरिरहनुपरेको अवस्था छ । यी सबै वस्तुगत अवस्थाबाट पार्टीले केही गुमाएको छ र धेरै सिकेको पनि छ । खासगरी माओवादी नेतृत्वको पछिल्लो सरकारले जे-जस्ता काम गऱ्यो, त्यसबाट माओवादीप्रति नेपाली जनता केही आशावादी बन्न थाले र उपनिर्वाचनमा त्यसको संकेत समेत दिए । मुलुकमा यतिखेर भ्रष्टाचार व्याप्त छ । ठुल्ठुला सेटिङका ठुल्ठुला काण्डले मुलुकलाई शिथिल बनाएको देखेरै पछिल्लो माओवादी सरकार भष्टाचारका फाइल पल्टाउन अग्रसर थियो । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारको त्यस किसिमको कार्यबाट धेरै हल्लिए ।

यतिखेर जनताले व्यवस्था बदलिएको तर अवस्था उस्तै रहेको गुनासो गरिरहेका छन् । मुलुक रेमिट्यान्समा धानिएको छ । गाउँ-ठाउँका खेतीयोग्य जमिन बाँझिदै गएका छन् । यो अवस्थामा देशमै स्वरोजगारी बढाउन उत्पादन बढाउने अभियान थाल्नुपरेको छ । जुनयुद्ध कालमा माओवादीले सामूहिक उत्पादनलाई जोड दिएको थियो । आगामी दिनमा पार्टी उत्पादन नीतिमा स्पष्ट भई एक्सनमा जान जरुरी छ । यी सबै वस्तुस्थिति केलाएर पार्टीले जनयुद्धकालीन जनताका मुद्दालाई स्थापित गर्नेतिर अर्थात् पार्टीको पुनर्जागरणतर्फ लाग्नुपरेको छ ।

### पुनर्जागरण केका लागि ?

शान्तिपूर्ण राजनीतिक प्रक्रियामा माओवादीको प्रवेशलाई चौतर्फी सकारात्मक मानिए पनि पार्टीभित्रै यसको प्रभावमाथि निरन्तर बहस चलिरहेको छ । केही नेताहरू शान्तिपूर्ण मार्गबाट समाजवादको आधार तयार गर्नुपर्ने पक्षमा छन् भने केहीले विद्रोहको मूल नीति बिर्सन नहुने बताउँदै आएका छन् । यस अन्योलले कार्यकर्तामाझ दुविधा उत्पन्न गरेको छ । यो अन्योल चिर्ने अभियान पार्टीले थाल्न जरुरी छ । आठौं महाधिवेशनले पार्टी विधान र विधि-पद्धतिलाई संस्थागत गर्ने निर्णय गरेको थियो । तर, त्यसको प्रभावकारी कार्यान्वयनप्रति गुनासा व्याप्त छन् ।

नेतृत्व चयनमा पारदर्शिता र लोकतान्त्रिक प्रक्रिया सुनिश्चित गर्न पार्टी सफल भएको देखिँदैन । कार्यकर्ताले निर्णय प्रक्रियामा सहभागिता अनुभूत गर्न नपाएको गुनासो सामान्य भइसकेको छ । यी सबै वस्तुस्थितिमाथि छलफल गर्दै पार्टीको पुनर्जीवन र पुनर्जागरणका लागि पहल गर्नुपर्ने भएको छ ।

### शुद्धीकरणको खाँचो

पार्टीभित्र वैचारिक, सांस्कृतिक र व्यावहारिक शुद्धीकरणको खाँचो देखिन्छ । माओवादी आन्दोलनको प्रारम्भिक चरणमा देखिएको सामूहिक भावना र बलिदानको आदर्श अहिले कमजोर भएको छ । पार्टी नेतृत्व र कार्यकर्तामाझ पुँजीवादी सोच हाबी भइरहेको आरोप सामान्य बनेको छ । पार्टी नव-दलाल पुँजीपति वर्ग र नव-सम्भ्रान्त वर्गको कब्जामा पुगेको आवाज पनि उठिरहेकै छन् ।

भ्रष्टाचार, व्यक्तिगत लाभको खोजी र सत्तालिप्सा जस्ता प्रवृत्तिले पार्टीभित्र वैचारिक संकट निम्त्याएको छ । यो समस्या समाधान नगरेसम्म माओवादीको क्रान्तिकारी छवि पुन: स्थापना असम्भव देखिन्छ । समाजवादतर्फ अघि बढ्न पार्टीले अहिलेको सैद्धान्तिक आधारलाई पुनर्व्याख्या र परिमार्जन गर्नुपर्ने देखिन्छ । वर्तमान विश्व परिप्रेक्ष्यअनुसार समाजवादको नयाँ स्वरूप विकास गर्ने जिम्मेवारी माओवादीजस्तो ऐतिहासिक पृष्ठभूमि बोकेको दलले लिनुपर्छ ।

माओवादी केन्द्र र जनताबिचको सम्बन्ध पहिलेको तुलनामा कमजोर भएको स्पष्ट छ । संघर्षकालमा सँगै रहेर काम गरेका जनताले हाल पार्टीलाई आफूहरूको प्रतिनिधि मान्न छाडेका छन् । हिजो कांग्रेस उच्च वर्गको प्रतिनिधित्व गर्ने पार्टी, एमाले मध्यम वर्गको प्रतिनिधित्व गर्ने पार्टी र माओवादी निम्न वर्गको प्रतिनिधित्व गर्ने पार्टी भन्ने जुन भाष्य स्थापित थियो, त्यो अहिले भत्किएको छ । माओवादीले वर्ग बिर्सेको आरोप झुटो होइन । त्यसैले यतिखेर माओवादीलाई जनतासँग जोडिने एजेन्डा चाहिएको छ । निम्न वर्गको तत्कालीन समस्यालाई सम्बोधन गर्ने योजना र उनीहरूको उत्थानका लागि दीर्घकालीन योजना अर्थात् समाजवादी मार्ग माओवादी पार्टीसँग हुनुपर्छ । यी विषय हाम्रो नेतृत्व पंक्तिले नबुझेको पनि होइन । यद्यपि पार्टी कहीँ न कहीँ चुकिरहेको छ र हिजो ठुलो दल आज तेस्रो दलमा खुम्चिएर अर्काको हात र साथ खोजिरहनुपरेको छ । कुनै पनि पार्टी एकैचोटि बन्दैन तर खस्कन धेरैबेर लाग्दैन । आफ्ना एजेन्डा नभएरै वा एजेन्डा बिर्सिएकै कारण आज पार्टी यो अवस्थामा आइपुगेको हो ।

पार्टीलाई पुनर्जीवन दिन एकातिर नेता तथा कार्यकर्ताको शुद्धीकरण र आत्मालोचना अनिवार्य छ, अर्कोतिर पार्टी वैचारिक रूपमा स्पष्ट खाकासहित आउनुपर्छ । हिजो माओवादीकै संघर्ष, पैरवी र पहलकदमीमा संविधानमा समाजवाद उन्मुख शब्द र भावना परेको छ । त्यसको स्पष्ट कार्यान्वयन नै माओवादीको एजेन्डा बन्नुपर्छ । समाजवाद स्थापना गर्ने लक्ष्यप्रति प्रतिबद्ध रहेका अन्य वामपन्थी दलहरू र समूहसँगको एकता आवश्यक छ । समान विचार धारा भएका दलहरूबिच मोर्चाबन्दी गर्दै समाजवादको आधार तयार गर्न माओवादीले अग्रसरता लिनुपर्छ । माओवादी केन्द्रको केन्द्रीय समिति बैठकले यी विषयमा गहिरो बहस गरी पार्टीको पुनर्जागरणका लागि ठोस नीतिगत निर्णय लिन जरुरी छ । पार्टीभित्रै वैचारिक एकता, संगठनात्मक सुधार र जनसरोकारका विषयमा केन्द्रित हुने चिन्तनको विकास गर्नुपरेको छ । त्यसो भयो भने मात्रै माओवादीको भविष्य सुरक्षित हुनेछ । जनता र पार्टीबिचको सम्बन्ध सुधार गर्दै समाजवादको यात्रालाई सार्थक बनाउने चुनौती स्विकार्न माओवादी केन्द्र सक्षम हुने आशा गरौं ।

*(साभार: रातोपाटी)*

# एक वर्षमा सम्पादन गरेका कामको स्वमूल्याङ्कन गरौं

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले बिगत र चालु आर्थिक वर्षमा गरेका कामको स्वमूल्यांकन हुनु आवश्यक रहेको बताएका छन् । उपलब्धी बस्तुगतरुपमा मापन गर्न सकियो भने त्यो उच्चतम हुने बताउँदै आफूले सम्पादन गरेका कार्य गर्व गर्न लायक होस भनेर लागिपर्न उनले प्रेरित गरे ।

सोमबार काभ्रेपलान्चोक जिल्ला समन्वय समितिले आयोजना गरेको प्रगति समीक्षामा उनले सम्पूर्ण निकायका उपलब्धिमूलक कार्यले काभ्रेली जनताको जीवनस्तर माथी उठ्नुपर्ने बताए । 'हामीले लक्ष्य हासिल गर्न थुप्रै चुनौतीका पहाडको सामना गर्नुपर्ने हुन्छ तर, समस्याभन्दा समाधान नै ठुलो हुन्छ' उनले भने । भौगोलिक जटिलता र प्रकृतिजन्य प्रकोप र अन्य कुराले लक्ष्य हासिल गर्नमा समस्या खडा गरेको भएपनि आफ्नो प्रयास जारी राख्न उनले सल्लाह दिए ।

चालु वर्षको असोज महिनामा देशका अन्य भागजस्तै काभ्रेका थुप्रै ठाउँमा विपत्ति आइपरेको सन्दर्भलाई स्मरण गर्दै प्रमुख देवकोटाले भने 'स्थानीय तहको आफ्नै ब्यथा छ, बनेपा डुबान दीर्घकालीन समाधानको पर्खाइमा छ, कृषिबाट अपेक्षित प्रतिफल हासिल हुन नसकेको र वास्तविक किसान मर्कामा परेका थुप्रै गुनासो छन्, धुलिखेललाई सूचनाप्रबिधि हब , स्वास्थ्य हब र पर्यटन हब बनाउन अझै दह्रो पाइलाको आवश्यक छ ।'

सत्यता, कर्मशीलता अनि इमान्दारीताले सकारात्मक परिणामको अनुभूति दिन सकिने भएकोले संघर्षरत रहन उनले प्रेरित गरे । संविधानको धारा २२० अनुसार गठन हुने जिल्ला समन्वय समितिले राज्यका तीनै तहसँग समन्वयकारी भूमिका खेल्ने जिम्मेवारी दिएको उल्लेख गर्दै देवकोटाले विकास निर्माण अनुगमन, संयोजन, प्रकोप तथा विपत व्यवस्थापन समन्वय, सल्लाह, सुझाव, निर्देशनजस्ता अहम् भूमिका जिल्ला समन्वय समितिको रहेको बताए । जिल्ला समन्वय समिति प्रमुख दीपककुमार गौतमको नेतृत्वमा काभ्रे र काभ्रेली जनताको बृहत्तर हितका कार्यहरुले निरन्तरता पाउने अपेक्षा लिएको उनले बताए ।

## मकवानपुरबाट सात फरार....

यस्तै, प्रहरीले हेटौंडा उपमहानगरपालिका-५ बस्ने वर्ष ४३ की ललिता उप्रेतीलाई बैंकिङ् कसुरमा, हेटौंडा-१२ बस्ने वर्ष ५६ को कुमार स्याङ्तानलाई अपराधि विश्वासघात तथा अपराधिक लाभसम्बन्धी मुद्दामा, हेटौंडा-८ बस्ने वर्ष ५० को रामकुमार उपाध्यायलाई ज्यानसम्बन्धी कसुरमा र हेटौंडा-५ बस्ने वर्ष ४२ को नवराज भनिने छविलाल पुडासैनीलाई चेक अनादर मुद्दामा पक्राउ गरेको प्रहरी नायवउपरीक्षक अर्यालले बताए ।

जिल्ला अदालत मकवानपुरले विभिन्न मुद्दामा क्रमश: उप्रतीलाई १० वर्ष कैद, स्याङ्तानलाई ५ दिन कैद र एक हजार रुपैयाँ जरिवाना, उपाध्यायलाई ७ दिन कैद र दुई हजार रुपैयाँ जरिवाना र पुडासैनीलाई एक हजार रुपैयाँ जरिवाना तोकेको थियो । पक्राउ परेका उनीलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि आइतबार नै जिल्ला अदालत मकवानपुरमा बुझाइएको प्रहरी नायवउपरीक्षक अर्यालले बताए ।

# मकवानपुरमा म्याथम्याटिकल ओलम्पियाड प्रतियोगिता हुने



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ मकवानपुरमा पहिलोपटक म्याथम्याटिकल ओलम्पियाड प्रतियोगिता २०२५ हुँदैछ । प्रतियोगिता म्याथ एसोसियशन नेपाल बागमती प्रदेशको आयोजनामा हुन लागेको हो ।

एसोसियशनले यही पुस २६ गते मकवानपुरका ८ वटा शैक्षिक संस्थामा जिल्लास्तरीय म्याथम्याटिकल ओलम्पियाड प्रतियोगिता आयोजना गर्न लागेको आइतबार आयोजित अभिमुखीकरण कार्यक्रममा जानकारी गराइएको हो । प्रतियोगिता हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, महेन्द्र मावि बकैया, युनाइटेड इंग्लिश स्कुल मनहरी, कालिका मावि कैलाश, जनता मावि बागमती, जनकल्याण मावि थाहानगर र चण्डिका मावि मकवानपुरगढीमा हुनेछ ।

सबै केन्द्रमा शुक्रबार बिहान ११ बजेदेखि प्रतियोगिता सुरु हुनेछ । प्रतियोगितामा कक्षा ८ देखि कक्षा १२ सम्मका विद्यार्थीले सहभागिता जनाउन पाउनेछन् । प्रतियोगितामा ५० वटा वैकल्पिक प्रश्न सोधिनेछ । जसको लागि एक घण्टा ४० मिनेटको समय निर्धारण गरिएको छ । ५० प्रतिशत मिलाउने विद्यार्थी प्रदेशस्तरीय प्रतियोगितामा सामेल हुन पाउने आयोजकले जनाएको छ ।

प्रतियोगिताबाट छनोट भएका विद्यार्थीलाई राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी गराइने म्याथम्याटिकल एसोसियशन अफ नेपालका सचिव किशन बास्तोलाले जानकारी दिए । उनकाअनुसार, राष्ट्रिय प्रतियोगिताबाट छानिएका उत्कृष्ट ६ जना विद्यार्थीले जुलाई १० देखि २० तारिखसम्म अष्ट्रेलियाको मेलवर्नमा आयोजना हुने अन्तर्राष्ट्रिय म्याथम्याटिकल प्रतियोगितामा सहभागी हुने अवसर प्राप्त गर्नेछन् । प्रतियोगितामा सहभागी हुन प्रतिविद्यार्थी प्रवेश शुल्क ५०० रुपैयाँ तोकिएको छ ।

# हेटौंडा-काठमाडौं चल्ने सुमोका दुई चालक पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ हेटौंडा-काठमाडौं जोड्ने छोटो मार्गमा नशालुपदार्थ लिएर सवारी साधन चलाएको आरोपमा टाटा सुमोका दुईजना चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

हेटौंडा-भैंसे सडक खण्डको भीमफेदी गाउँपालिका-१ बाघझोरामा छड्के जाँचका लागि बसेको प्रहरी टोलीले दुईजनालाई नियन्त्रणमा लिएको हो । यात्रुको गुनासो बढ्दै गएपछि जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालको कमाण्डमा जिल्ला ट्राफिक प्रहरी र जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरको प्राविधिक टोली लिएर आइतबार दिनभर सवारी जाँच गरिएको थियो ।

हेटौंडा-काठमाडौं आवतजावत गर्ने सवारीसाधनका ५२ जना चालकलाई लागूपदार्थ सेवन 'लापसे' र मादकपदार्थ सेवन 'मापसे' जाँच गरिएको डिएसपी अर्यालले जानकारी दिए । जाँचका क्रममा सर्लाहीबाट काठमाडौं जाँदै गरेको ना १ ज ४६१९ नम्बरको सुमोचालक सर्लाही, बरहथवा नगरपालिका-८ बस्ने ३२ वर्षीय फेमस खड्काले लागूपदार्थ सेवन गरेको फेला परेको प्रहरीले जनाएको छ ।

काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज ७०२८ नम्बरको सुमोचालक हेटौंडा उपमहानगर पालिका-८ बस्ने ३६ वर्षीय सुजन गुरुङले मादकपदार्थ सेवन गरेको भेटिएपछि नियन्त्रणमा लिइएको डिएसपी अर्यालले जानकारी दिए । खड्का र गुरुङलाई कानुनअनुसारको कारबाही प्रक्रिया अगाडि बढाइएको उनले बताए ।

मकवानपुर प्रहरीले लापसे र मापसे जाँचलाई अभियानको रुपमा अगाडि बढाउने डिएसपी अर्याल बताउँछन् । हेटौंडा-काठमाडौं जोड्ने सडक साँघुरो, उकालोओरालो र घुमाउरो भएकाले यात्रुको सुरक्षित यात्राका लागि प्रहरीले निरन्तर जाँच गर्ने डिएसपी अर्यालले बताए ।

# विद्यार्थी आन्दोलनमा नयाँ मानक बनाइरहेका नेत्र

काठमाडौं/सार्वजनिक शिक्षा सुधारको माग राखेर माइतीघरमा बैसाखी टेकेर उभिएका थिए नेत्र चापागाईं । बिहान १० बजेदेखि साँझ ५ बजेसम्म लगातार उभिंदा चापागाईंको शरीर सुन्निन थालेको छ । उभिन गाह्रो भएपछि कम्मरमा पटुकी बाँधेका थिए उनले । माइतीघर आउनुअघि उनी सातै प्रदेशका राजधानीमा दुई/दुई दिन उभिइसकेका थिए ।

उभिन थालेको आठ दिन भइसकेको छ । भद्र आन्दोलनमा विभिन्न अभियन्ताहरूको साथ पाए पनि सरकारले बेवास्ता गर्दा उनको शरीर कमजोर बनिरहेको थियो । त्यसो त, उनी रहरले धर्नामा बसेका होइनन् । बिरामी छोरालाई घरमा छोडेर धर्नामा आएका हुन् उनी । 'साढे दुई वर्षको छोरा बिरामी छ । मेरो लागि धर्ना बस्न आएको होइन,' उनले भने ।

सोमबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई र संसदको शिक्षा समितिका सभापति अम्बरबहादुर थापा चापागाईंलाई भेट्न माइतीघर पुगे । मन्त्री भट्टराई र सभापति थापाले माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएपछि उनले धर्ना स्थगित गरे । मन्त्रीको प्रतिबद्धतापछि थकित अनुहारमा केही आशा र खुसीका रेखा देखिए । नेत्रले संचारकर्मीसँग भने, 'आन्दोलन रोकिएको छैन, स्वरूप मात्र फेरिएको हो ।'

शिक्षा सुधारको १५ बुँदे माग राखेर उनी पोखरा, धनगढी, सुर्खेत, नेपालगन्ज, हेटौडा र जनकपुरमा उभिएर काठमाडौंमा आइपुगेका हुन् । डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) निकट सामाजवादी विद्यार्थी युनियनका अध्यक्षसमेत हुन् चापागाईं । उभिएर भद्र आन्दोलन गर्नुको कारण उनले मन्त्री भट्टराई र सभापति थापालाई सुनाए ।

गत वर्षको कुरा हो, कास्कीको अन्नपूर्ण गाउँपालिका लुम्लेमा विद्यालय मर्ज गर्ने कार्यक्रम थियो । उनको घर पनि सोही ठाउँमा भएकाले विद्यालय समायोजनमा उनी सहभागी भए । त्यतिबेला राजनीतिक दल र जनप्रतिनिधिले शिक्षकलाई गाली गरे । शिक्षकको मानसिक स्थिति कस्तो भयो होला भनेर बुझ्न चापागाईं एक सातासम्म लगातार विद्यालय गए ।

'लगातार विद्यालय जाँदा बाल विकास (ईसीडी) को कक्षामा पुगेको थिएँ । शिक्षकले तलब नपाएको थाहा पाएँ । त्यसपछि देशभरका साथीहरूसँग सम्पर्क गरें । सबै ठाउँको एउटै समस्या रहेछ' उनले भने, 'ईसीडीलाई विद्यालय शिक्षामा राखिएको छैन । तलब पनि थोरै छ । यो विषय उठाएर अभियान सुरु गरेको हुँ ।' गत जेठमा उनले ईसीडीको विषयमा ११ दिन यसैगरी धर्ना दिए । तत्कालीन शिक्षा मन्त्री सुमना श्रेष्ठले चापागाईंले उठाएका विषय शिक्षा ऐनमा समावेश गर्ने प्रतिबद्धता जनाएपछि धर्ना तोडेका थिए ।

त्यसपछि चापागाई हुम्ला, जुम्मा, बागलुङ, पर्वत र मधेशका जिल्लामा शिक्षामा के-के समस्या छन् भनेर खोजी गर्न थाले । '७० भन्दा बढी विद्यालयमा पुगेर अध्ययन गरें' उनले भने । उनले शिक्षा सुधारका सुझाव पत्र शिक्षा मन्त्रालयलाई बुझाए । उच्चस्तरीय आयोगको प्रतिवेदनको आधारमा ऐन बनाउन उनले पटक-पटक सरकारलाई अनुरोध गरे तर सुनुवाइ भएन । त्यसपछि फेरि उनी सडकमै उभिने निर्णय गरे । 'सरकारको विरोध गर्न उभिएको होइन । सरकार परिवर्तन गर्न पनि होइन । बालबालिका पढ्ने विद्यालय सुधार गर्न र शिक्षक पेसा सम्मानित बनाउन अभिएको हुँ,' उनले शिक्षा मन्त्री भट्टराई र सभापति थापालाई सुनाए ।

संविधानमा ३ वर्षभित्र ऐन बनाउने भनिएको छ तर साढे ९ वर्षसम्म पनि नबनेपछि आफू भद्र आन्दोलनमा उभिन विवश भएको चापागाईंले बताए । 'उच्चस्तरीय आयोगको प्रतिवेदनको आधारमा ऐन बनाउने भनेको हो । प्रतिवेदनको आधारमा किन ऐन आउँदैन ? सरकारले जवाफ दिनुपर्छ कि पर्दैन ?' उनले प्रश्न गरे । मधेशमा गर्मीले विद्यार्थी कक्षामा बस्न सकेका छैनन्, हिमाली क्षेत्रमा चिसोले । विद्यार्थीलाई कक्षामा राख्ने उपाय के हो त ?

'विद्यालयलाई १०० वाटसम्म बिजुली नि:शुल्क दिने हो भने न्यानो बनाउन सकिन्छ । मधेशमा बालबालिका चप्पल नलगाई विद्यालय गइरहेका छन् । चप्पल र ड्रेसको व्यवस्था गर्नुपर्‍यो । बालबालिकाको खाजा खर्च ५० रूपैयाँ बनाउनु पर्‍यो,' उनले उपाय पनि सुझाए । मधेशका बस्तीमा जाँदा ७० प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको देखेको चापागाईंले बताए । 'मुसहर, चमार, डोम बस्तीमा पुगेको थिएँ । विद्यार्थी विद्यालय बाहिर छन् । बालबालिकालाई कसरी विद्यालय लैजाने ? विद्यार्थीलाई विद्यालय बाहिर राखेर कसरी समाजवाद आउँछ ?' उनले प्रश्न गरे ।

सरकारको प्राथमिकतामा शिक्षा नपरेकोप्रति उनले आक्रोश पनि पोखे । 'पहिले स्कुल बन्नुपर्ने हो कि भ्यू टावर ? मेघा विद्यालय चलाउनुपर्छ । बससहितको आवसीय विद्यालय चलाउन सकिन्छ' उनले भने, 'प्रधानाध्यापकको भत्ता र विद्यार्थीको छात्रवृत्ति बढाउनुपर्छ । ४ सय छात्रवृत्तिले ४ वटा कपि पनि आउँदैन ।'

किताब र झोलाको बोझ नबोकाउने स्थिति बनाउन सरकारलाई चापागाईंले आग्रह गरे । 'एउटा बच्चालाई १० केजीको झोला र किताब बोकाइएको छ । बालअधिकार हनन भएको छ' उनले भने, 'रजिस्ट्रेशन शुल्क लाग्छ । सर्टिफिकेट किनेर लिने हो ? नि:शुल्क हुनुपर्छ,' उनले भने । विद्यार्थी भ्रमणका लागि सरकारले सहयोग गर्नुपर्ने माग मन्त्री भट्टराई र सभापति थापासँग उनले राखे ।

अध्यक्ष चापागाईंले आफ्ना माग राखेपछि मन्त्री भट्टराईले कतिपय मागमा काम गरिरहेको र कतिपय आगामी बजेटबाट पूरा गर्ने प्रतिबद्धता जनाइन् । 'ईसीडीको कार्यदल बनेको छ । दरबन्दी पुनरावलोकन गर्ने काम अगाडि बढेको छ । शिक्षा सुधारको लागि तीन तहको सरकारको सहकार्यमा मात्र सम्भव छ' मन्त्री भट्टराईले भनिन्, 'अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन कार्यान्यवन गर्नुपर्छ । पालिकाले शिक्षा योजना बनाउनुपर्छ । शिक्षा कोषमा लगानी गर्नुपर्छ ।'

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



# नगर अस्पताल सञ्चालनमा स्वास्थ्य बिज्ञान प्रतिष्ठानले सघाउने

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/हेटौंडा उपमहानगरपालिले सञ्चालन गरेको दुई अस्पतालका लागि जनशक्ति व्यवस्थापन गरी आधारभूत स्वास्थ्यसेवा तथा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठानले सहयोग गर्ने भएको छ ।

उपमहानगरक्षेत्रभित्र रहेका जनताको स्वास्थ्यउपचारमा सहयोग पुऱ्याउने उद्देश्यले हेटौंडा-१३ र १६ मा सञ्चालनमा रहेको नगर अस्पतालका लागि प्रतिष्ठानमा रहेका जनशक्ति परिचालन हुने भएका हुन् । सोमबार हेटौंडा उपमहानगरपालिका र मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठनका पदाधिकारी बीच भएको छलफलमा नगर अस्पताल र हेटौंडा अस्पताललाई सञ्चालन र व्यवस्थापनमा सहकार्य गर्ने सहमति भएको छ । सहमति अनुसार प्रतिष्ठान अन्तरगतको हेटौंडा अस्पतालमा भिडियो एक्सरे, सिटिस्क्यान तथा एमआरआई सेवालाई २४ सै घण्टा सञ्चालन गर्न आवश्यक सहयोग उपमहानगर पालिकाले गर्ने भएको छ ।

दुई सस्था बीचको सहकार्यले नगरमा स्वास्थ्यसेवामा थप प्रभावकारीता आउने बिश्वास गरिएको छ । स्थानीय स्तरमै जनताले पाउने स्वास्थ्यउपचार र बीमासेवालाई प्रभावकारी बनाउनका लागि मत्वपूर्ण भूमिका निर्वाह गर्ने छलफलको क्रममा बताइएको थियो । प्रारम्भिक छलफल पछि सहकार्यका लागि दुईपक्षीय सम्झौता गरिने सहमति भएको छ ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा भएको छलफलमा प्रतिष्ठानका उपकुलपति प्रदीप ज्ञवाली, रजिष्टार भीमसागर गुरागाई, डिन दुर्गाकुमारी खड्का मिश्र, हेटौंडा उपमहानगर पालिका बिज्ञसल्लाहकार डा. कृष्णप्रसाद घिताल, प्रतिष्ठानका प्राध्यापक डा. दिनेशकुमार लम्साल, उपमहानगरपालिका उपनिर्देशक भीमप्रसाद तिमल्सिना, आर्थिक विकास महाशाखाप्रमुख जगन्नाथ सापकोटा, प्रतिष्ठानका प्रशासकीय अधिकृत बिशाल लामिछाने लगायतको सहभागिता रहेको थियो ।

# १० र ११ नम्बर वडामा कानुनी शिक्षा अनुशिक्षण



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/टोल विकास संस्था नगरसमन्वय समिति, हेटौंडा उपमहानगरपालिकाले १० र ११ नम्बर वडामा कानुनीशिक्षा अनुशिक्षण कार्यक्रम सञ्चालन गरेको छ ।

वडामा गठित टोल विकास संस्थाका पदाधिकारी एवम् सदस्यको लागि १ दिने समुदायस्तरीय कानुनीशिक्षा अनुशिक्षणको आयोजना गरेको छ । हेटौंडा उपमहानगर पालिका न्यायिक समितिको सहयोगमा १ दिने अनुशिक्षण कार्यक्रमको आयोजना गरेको हो ।

नगरसमन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षता एवम् हेटौंडा उपमहानगर उपप्रमुख राजेश बानियाँको प्रमुखआतिथ्यमा भएको कार्यक्रममा न्यायिक समितिका सदस्य एवम् नगर समन्वय समितिका सल्लाहकार ज्ञानबहादुर थापा, न्यायिक समितिका सदस्य सन्तुमाया पाख्रिन, टोल विकास संस्था नगरसमन्वय समितिका महासचिव शिबहरि दाहाल, उपमहासचिव देबकुमार श्रेष्ठ, मेलमिलाप केन्द्रका संयोजक यदुवंश खतिवडा, ११ नम्बर वडाका मेलमिलाप संयोजक सर्मिला अधिकारी, वडासमन्वय समिति अध्यक्ष यज्ञ आचार्यलगायतको उपस्थिति थियो ।

कार्यक्रमलाई हेटौंडा उपमहानगरपालिका कानुनअधिकृत सुजन तिमल्सिना, सरस्वती धिमाल, जिल्ला बार एसोसिएसन अध्यक्ष अधिवक्ता अप्सरा बस्नेतले सहजीकरण गरेकी थिइन् । कार्यक्रममा हेटौंडा-१० र ११ नम्बर वडाका ६५ जनाको सहभागिता रहेको थियो । कार्यक्रम नगरका सबै वडामा संचालन गरिने नगर समन्वय समिति महासचिव दाहालले जानकारी दिएका छन् ।

टोल विकास संस्था नगर समन्वय समितिले यसअघि १ र २ नम्बर वडामा गठित टोल विकास संस्थाका पदाधिकारी एवम् सदस्यको लागि कानुनी शिक्षा अनुशिक्षण कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा हेटौंडा-१ र २ नम्बर वडाका ७० जनाको सहभागिता रहेको थियो ।

# अढाई वर्षको समीक्षाबाट उपमहानगरको १० बुँदे घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ स्थानीय तहमा निर्वाचित भएका नगरका जनप्रतिनिधिले अढाई वर्षमा गरेका काम र आगामी दिनमा ध्यान दिनुपर्ने विषयमा छलफल भएको छ । पर्यटकीय क्षेत्र सौराहामा भएको दुईदिने छलफलले १० बुँदे घोषणापत्र जारी गरेको हो ।

गएका आर्थिक वर्षको समीक्षा, चालु आर्थिक वर्षमा हालसम्मको समीक्षा गर्दै आगामी आर्थिक वर्षको कार्यदिश बारे छलफल गरेको थियो । शनिबार र आइतबार गरिएको छलफलबाट १० बुँदामा निश्कर्ष निकालिएको हेटौंडा उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले बताए ।

छलफलमा प्रदेश सरकारसँग लागत सहभागितामा निर्माण गरिएको हेटौंडा-११, थानाभऱ्याङ स्थित निर्माणाधीन फलफूल तथा तरकारीको थोकबजारमा प्रदेश सरकारको मन्त्रालय स्थापना गरिएकोप्रति ध्यानाकर्षण गराइएको छ । कृषकका उत्पादनको बजारीकरणका लागि निर्माण गरिएको संरचनामा मन्त्रालय स्थापना गर्नु उपयुक्त नभएको उल्लेख गर्दै निर्माणकार्य पूरा गरेर उपमहानगरपालिकामार्फत् थोकबजार सञ्चालन गर्नुपर्ने निश्कर्ष निकालिएको छ ।

छलफलमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा बजार खण्डको सडक विस्तार, एक सयभन्दा कम संख्यामा विद्यार्थी भएका विद्यालयलाई नजिकैको विद्यालय गाभ्ने र गाभिने विद्यालयका विद्यार्थीलाई यातायातको सुविधासहित नजिकको विद्यालयमा समायोजन गर्ने, भुटनदेवी माध्यमिक विद्यालय र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयलाई गाभेर ठूलो विद्यालय बनाउने, अति विपन्न थामी र चेपाङ समुदायका परिवारको निशूल्क स्वास्थ्यबीमा गरिदिने निर्णय भएको थियो ।

उपमहानगरपालिकाको हालसम्मको उपलब्धीका विषयमा प्रमुखप्रशासकीय अधिकृत गौतमले प्रस्तुती गरेका थिए । छलफलमा प्रदेश सरकारका योजना एकद्वार प्रणालीबाट कार्यान्वयन हुन नसक्दा समस्या भएको जनप्रतिनिधिको भनाइ रहेको थियो । छलफलमा गुणस्तरीय पूर्वाधार निर्माणको विषयले पनि प्रवेश पाएको र हेटौंडा उपमहानगर पालिकाको प्रमुख क्षेत्रको विद्युतीय लाइनलाई भूमिगत गर्न आवश्यक भएकोप्रति जनप्रतिनिधिले सुझाव दिएका थिए ।

औपचारिक छफलका क्रममा जननिर्वाचित जनप्रतिनिधिले १० बुँदे निर्णय गरेको उपमहानगर प्रवक्ता सबिन न्यौपानेले बताए । उनले छलफलमा महिलामुखी सहर निर्माण, राजमार्ग २५ मिटर विस्तार गर्ने विषयमा छलफल भएको जानकारी दिए । नगरप्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा भएको समीक्षामा उपप्रमुख राजेश बानियाँको सहभागिता रहेको थियो ।

# ईन्द्रसरोवरका प्रधानाध्यापक हेटौंडाको विद्यालय भ्रमणमा

साझाकुरा संवाददाता




हेटौंडा, २२ पुस/ हेटौंडा-४ मा रहेको पुरानो सामुदायिक विद्यालय भुटनदेबी माविको ईन्द्रसरोवर गाउँपालिकाको प्रध्यानध्यापक तथा शिक्षा शाखाको टिमले भ्रमण गरेका छन् ।

ईन्द्रसरोवर गाउँपालिका सातवटा सामुदायिक विद्यालयका प्रअ र शिक्षा शाखाका कर्मचारीले हेटौंडाका चारवटा सामुदायिक विद्यालयको अध्ययन अवलोकन तथा भ्रमण गरेका हुन् । यहाँको सामुदायिक विद्यालयमा भएका असल अभ्यास, शैक्षिकगुणस्तर सुधारका लागि शैक्षिक भ्रमण गरिएको ईन्द्रसरोवर-१ मार्खुस्थित सरस्वती बालबोधिनी माविका रामशरण दाहालले जानकारी दिए ।

भ्रमण टोलीले हेटौंडा-४ मा रहेको भुटनदेवी मावि, हटिया-१६ मा रहेको जनप्रिय मावि, हेटौंडा-९ पशुपतिनगरमा रहेको प्रगति मावि र हेटौंडा-५ पिप्लेमा रहेको बालज्योति माविको अध्ययन अवलोकन गरेका हुन् । कार्यक्रममा बोल्दै हेटौंडा-४ का वडाअध्यक्ष एवम् भुटनदेवी मावि ब्यवस्थापन समितिका अध्यक्ष नवीन सिग्देलले शैक्षिक गुणस्तर सुधारमा सबैको भूमिका महत्वपूर्ण हुने बताए ।

उनले शैक्षिक सुधारका लागि शिक्षक शिक्षिका लागि तालिम र क्षमता अभिबृद्धि गर्नुपर्ने बताए । स्थानीय तहले पनि शैक्षिक वातावरण बनाउनुपर्ने बताउदै उनले सम्बन्धित वडा कार्यालयले नतिजाको जिम्मा लिनुपर्नेमा जोड दिए ।

भुटनदेवी माविका सहायक प्रअ भरत पोखरेलले विद्यालयको शैक्षिक प्रगतिबारे जानकारी गराएका थिए । कार्यक्रममा भुटनदेवी माविका प्रअ माधवप्रसाद दाहालगायतले बोलेका थिए । भुटनदेवी माविमा हाल मधेश प्रदेश सहित यहाँका दुई हजार ४५९ जना विद्यार्थी अध्ययनरत छन् ।





यस संघका सल्लाहकार श्री नरोत्तम दहालज्यु मकवानपुर सहकारी अस्पताल प्रा.लि.को गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा हार्दिक वधाई एवं सफल कार्यकालको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण कुमार गुप्ता (अध्यक्ष) तथा
मकवानपुर उद्योग वाणिज्य संघ परिवार
हेटौंडा, मकवानपुर
मिति २०८१ पौष २१



हार्दिक बधाई तथा शुभकामना



यस निर्माण व्यवसायी संघ मकवानपुरका सल्लाहकार **श्री नरोत्तम दाहाल**ज्यू सुनौलो स्वास्थ्य सहकारी संस्थाद्वारा सञ्चालित **मकवानपुर सहकारी अस्पताल**को गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा उहाँलगायत नवनिर्वाचित सम्पूर्ण पदाधिकारीहरुमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**राजेन्द्र प्रसाद चौलागाईं** (महासचिव) एवम् **बाल गोपाल कँडेल** (अध्यक्ष)

**निर्माण व्यवसायी संघ मकवानपुर, परिवार**


## बागमती प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## सामाजिक विकास कार्यालय
हेटौंडा, नेपाल

फोन नं. ०५७-४१२७१६

## सीप विकास तालिम संचालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति २०८१/०९/२३ गते)

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम अनुसार २०८१ माघ महिना देखि संचालन गरिने देहाय अनुसारका सीप विकास तालिमहरुमा सहभागि हुन इच्छुक निम्न योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्) दिन भित्र दरखास्त फारम भरी यस कार्यालयमा (कार्यालय समय भित्र) पेश गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित भएको छ ।

**१. संचालन हुने तालिमहरू:**

| सि.नं | तालिमको विषय | तालिमको अवधि ६ महिने/ | संख्या (जना) | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | जनरल मेकानिक्स | ७३० कार्य घण्टा | ७ | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भबन कमाने | २०८१/१०/०९गते विहान ११ बजेदेखि | सामाजिक विकास कार्यालय, हेटौंडा मकवानपुरमा पाइने वा यस कार्यालयको वेब साईट (www.sdohetauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ । |

**तालिम लिन ईच्छुक उम्मेदवारहरूले पालना गर्नुपर्ने शर्तहरू:**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८१/१०/०८ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म कार्यालयमा पेश गर्नुपर्नेछ ।
२. तालिममा सहभागि हुने उम्मेदवारहरुको छनौट अन्तर्वाताद्वारा गरिने छ साथै अन्तर्वार्ताका लागी तोकिएको मितिमा यस कार्यालय, हेटौंडा-८, कमानेमा आफ्नो सक्कल कागजातहरु सहित उपस्थित हुनुपर्ने छ ।
३. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।
४. तालिममा गरिब, विपन्न, दलित, महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाईते शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिईनेछ ।
५. तालिम लिन ईच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वास्थ्य र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
६. सञ्चालन हुने तालिमहरु ६ महिने/७३० कार्य घण्टा तालिमको हकमा दैनिक औसत ५ देखि ६ घण्टा तालिम सञ्चालन हुनेछ ।

**कार्यालय प्रमुख**

## १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१ पुस ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १६ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रम:**

मिति : २०८१ पुस २७ गते, शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु:**


१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
७) विविध ।

**पुनश्च:** साधारणसभामा उपस्थित हुने सदस्यहरुका लागि रु ५०० यातायात खर्चको व्यवस्था गरिएको छ । सोको लागि शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
चौकीटोल, हेटौंडा


हार्दिक बधाई तथा शुभकामना




हाम्रा आत्मीय दाजुद्वय **श्री नरोत्तम दाहाल**ज्यू र **श्री मुकुन्द सुवेदी**ज्यू सुनौलो स्वास्थ्य सहकारी संस्थाद्वारा सञ्चालित **मकवानपुर सहकारी अस्पताल**को क्रमश: अध्यक्ष र कोषध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा उहाँहरुलगायत नवनिर्वाचित सम्पूर्ण पदाधिकारीहरुमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

सुधिर दाहाल (संचालक) एवम्
**निको अस्पताल प्रा. लि.**
हेटौंडा-२, हेडम्बी हाइट



हार्दिक बधाई तथा शुभकामना







हाम्रा आत्मीय दाजुद्वय **श्री नरोत्तम दाहाल**ज्यू र **श्री मुकुन्द सुवेदी**ज्यू सुनौलो स्वास्थ्य सहकारी संस्थाद्वारा सञ्चालित **मकवानपुर सहकारी अस्पताल**को क्रमश: अध्यक्ष र कोषध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा उहाँहरुलगायत नवनिर्वाचित सम्पूर्ण पदाधिकारीहरुमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

विष्णुबहादुर थापा (संचालक) एवम्
**थापा पोलिक्लिनिक**
हेटौंडा-१९, बस्तीपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना